नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

**राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना !**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१-०५-०९ गतेको पत्रानुसार हाल देश भरिका ७७ वटै जिल्ला प्रशासन कार्यालयहरु, ५४ वटा इलाका प्रशासन कार्यालय, १ सीमा प्रशासन कार्यालय तथा विभिन्न स्थानीय तहबाट राष्ट्रिय परिचयपत्रको विवरण संकलन तथा वितरण कार्य भैरहेको छ। यसरी विवरण दर्ता गरेका सेवाग्राहरुको सहजताका लागि तपशित बमोजिमको व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशित**

१. राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरी विभिन्न कारणले थप रुजु वा In Progress मा रहेका व्यक्तिहरुको विवरण विभागबाट मात्रै हेर्दै आएकोमा विभागमा उक्त सेवा बन्द गरी विभाग अन्तर्गतको नारायणहिटी दरबार परिसरबाट सेवा लिन सक्ने गरी व्यवस्था भएको साथै विभागको वेभसाइट https://nidsms.donidcr.gov.np/ मा समेत आवेदन दिई फछ्यौंट गर्ने व्यवस्था रहेको छ।

२. राष्ट्रिय परिचयपत्र विवरण दर्ता गरेका तर राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त नभएका र विवरण दर्ता गर्दाका बखत प्राप्त भर्पाई हराएका सेवाग्राहीहरुले विभागले संचालन गरेको पोर्टल https://citizenportal.donidcr.gov.np/ne/check-national-id-number वा संलग्न गरी आफ्नो नागरिकताको विवरण प्रविष्टि गरी आफ्नो राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त भर्पाई प्राप्त गर्न सकिने छ।

३. राष्ट्रिय परिचयपत्र सम्बन्धी कुनै जानकारी प्राप्त गर्नु परेमा विभागको टोल फ्रि नम्बर १६६००१९६६६६, ०१४२०००१४, ०१४२११५६३ र ०१४२००८९४ मा बिहान १०:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म कल गरी जानकारी लिन सकिनेछ।

५/१२

विष्णु प्रसाद दोङ्गाना

प्रमुख जिल्ला अधिकारी

मिति २०८१।०५।१२

ने.सः ११४४ गुँलागा १० बुधबार

फोन नं.०२४ – ५२००८८/ ५२०२५०, ०२४ – ५२०१३३ Email: dpanchthar@gmail.com

Website: daopanchthar.moha.gov.np